सरयू
राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान
वर्ष २, अंक ६ २०८३ असोज

# राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा चार पदाधिकारी नियुक्त



दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा हालै चार जना नयाँ पदाधिकारी नियुक्त हुनुभएको छ । प्रतिष्ठानकी सहकुलपति तथा स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले उपकुलपति डा.अजय मिश्रको सिफारिसमा डा.सुरेश विके रसाइलीलाई निर्देशक, प्रा.श्याम लम्साललाई रजिस्ट्रार, प्रा.डा.रामनारायण मण्डललाई रेक्टर र डा.कृष्णकुमार झालाई डिनमा नियुक्त गर्नुभएको छ ।

प्रतिष्ठानका प्रशासनिक, शैक्षिक र अस्पताल सेवासँग प्रत्यक्ष जोडिएका महत्वपूर्ण जिम्मेवारीमा नयाँ पदाधिकारी आएपछि यसको संस्थागत व्यवस्थापन, चिकित्सा शिक्षा, अस्पताल सेवा र अनुसन्धान गतिविधिमा नयाँ गति आउने अपेक्षा गरिएको छ । चारै जना पदाधिकारी स्वास्थ्य सेवा, चिकित्सा शिक्षा तथा प्रशासनमा लामो अनुभव भएका व्यक्ति हुनुहुन्छ । उहाँहरूमध्ये कसैको मुख्य पृष्ठभूमि नेत्र चिकित्सा छ भने कसैले नर्सिङ शिक्षा, कार्डियोलोजी तथा प्याथोलोजीमा विशेषज्ञता हासिल गर्नुभएको छ ।

## रेक्टरमा कार्डियोलोजिस्ट प्रा.डा.रामनारायण मण्डल

रेक्टरको जिम्मेवारी पाउनु भएका प्रा.डा.रामनारायण मण्डल कार्डियोलोजी तथा इन्टरनल मेडिसिन विशेषज्ञ हुनुहुन्छ । उहाँले क्रिमिया स्टेट मेडिकल इन्स्टिच्युटबाट एमबीबीएस र एमडी, किर्गिज स्टेट मेडिकल एकेडेमीबाट कार्डियोलोजीमा एमबी र त्यसपछि कार्डियोलोजीमै पीएचडी गर्नुभएको छ । मण्डलले आफ्नो व्यावसायिक जीवनको ठूलो हिस्सा जानकी मेडिकल कलेजमा बिताउनुभएको छ। उहाँ हाउस अफिसरदेखि सहायक प्राध्यापक, सहप्राध्यापक हुँदै प्राध्यापक बन्नु भएको थियो । इन्टरनल मेडिसिन विभागको नेतृत्व गर्नुका साथै अस्पताल निर्देशक, क्लिनिकल साइन्स समन्वयक र उप-प्राचार्यको जिम्मेवारीसमेत सम्हालिसक्नुभएको छ ।



उहाँको विशेषज्ञता कार्डियोलोजीमा भए पनि अनुभव चिकित्सकीय सेवामा मात्र सीमित छैन चिकित्सा शिक्षा, विभागीय नेतृत्व, परीक्षा व्यवस्थापन, पाठ्यक्रम पुनरावलोकन र संस्थागत समितिमा समेत उहाँले काम गर्नुभएको छ

। उच्च रक्तचाप, एट्रियल फिब्रिलेसन, स्ट्रोक तथा हृदयसम्बन्धी जोखिमका विषयमा उहाँले अनुसन्धान गर्नुभएको छ । उच्च रक्तचापमा हृदय जोखिम कारक, नेपालमा एट्रियल फिब्रिलेसन भएका बिरामीको क्लिनिकल प्रोफाइल तथा स्ट्रोक निदानलगायतका विषयमा उहाँका अनुसन्धान प्रकाशित छन् ।

रेक्टरको मुख्य जिम्मेवारी प्रतिष्ठानको शैक्षिक तथा अनुसन्धान गतिविधिसँग जोडिने भएकाले मण्डलको लामो शिक्षण, विभागीय नेतृत्व र पाठ्यक्रमसम्बन्धी अनुभव नयाँ जिम्मेवारीमा महत्वपूर्ण हुने देखिन्छ ।

## रजिस्ट्रारमा नर्सिङ शिक्षा हासिल गर्नुभएका प्रा.श्याम लम्साल



रजिस्ट्रार बन्नुभएका प्रा.श्याम लम्साल नर्सिङ शिक्षा र स्वास्थ्य प्रशासनमा लामो अनुभव भएका स्वास्थ्यकर्मी हुनुहुन्छ । उहाँ बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान (बीपीकेआईएचएस) मा स्टाफ नर्सबाट सेवा सुरु गरेर वरिष्ठ स्टाफ नर्स, नर्सिङ अधिकृत, सहायक प्राध्यापक, सहप्राध्यापक हुँदै प्राध्यापकसम्म पुग्नुभएको हो । सीभीअनुसार उहाँले त्यहाँ २२ वर्षभन्दा लामो सेवा अनुभव हासिल गर्नुभएको छ ।

लम्सालले भारतको पीजीआईएमईआर, चण्डीगढबाट सामुदायिक स्वास्थ्य नर्सिङमा स्नातकोत्तर गर्नुभएको छ भने इटालीको मारियो नेग्री इन्स्टिच्युटबाट फेलोसिप गर्नुभएको छ । उहाँको प्रशासनिक अनुभव पनि उल्लेखनीय छ । उहाँले कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्लामा रजिस्ट्रारका रूपमा काम गर्नुका साथै कार्यवाहक उपकुलपतिको जिम्मेवारीसमेत सम्हाल्नुभएको थियो । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमै सन् २०१९ मा डिनका रूपमा काम गरिसकेको अनुभव छ । हाल उहाँ बीपीकेआईएचएसको सामुदायिक स्वास्थ्य नर्सिङ विभाग प्रमुख तथा शैक्षिक समितिका सदस्यका रूपमा कार्यरत हुनुहुन्छ ।

रजिस्ट्रारको जिम्मेवारीमा प्रशासनिक अभिलेख, जनशक्ति व्यवस्थापन, शैक्षिक तथा संस्थागत समन्वयजस्ता काम महत्वपूर्ण हुन्छन् । लम्सालको नर्सिङ शिक्षा, पाठ्यक्रम विकास र स्वास्थ्य प्रणाली अनुसन्धानसँगको अनुभवले प्रतिष्ठानको प्रशासनिक तथा शैक्षिक संरचनामा उपयोगी भूमिका खेल्न सक्ने देखिन्छ । उहाँले स्नातक नर्सिङ पाठ्यक्रम विकासमा समेत समन्वयकारी भूमिका खेल्नुभएको छ ।

## डिनमा प्याथोलोजिस्ट डा.कृष्णकुमार झा



डिनको जिम्मेवारी पाउनुभएका डा.कृष्णकुमार झा विकृति विज्ञान अर्थात् प्याथोलोजीका प्राध्यापक हुनुहुन्छ। हालसम्म उहाँ मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, हेटौँडामा प्याथोलोजी विभागका प्रमुख तथा प्राध्यापकका रूपमा कार्यरत हुनुहुन्छ । उहाँले चीनको झेङझाउ मेडिकल कलेजबाट एमबीबीएस तथा भारतको कस्तुरबा मेडिकल कलेज, मणिपालबाट एमडी (प्याथोलोजी) गर्नुभएको छ ।

झाको व्यावसायिक अनुभव १४ वर्षभन्दा बढीको रहेको छ। उहाँले विभिन्न मेडिकल कलेज तथा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा शिक्षण, प्रयोगशाला सेवा र विभागीय नेतृत्वको जिम्मेवारी सम्हाल्नुभएको छ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा समेत सहप्राध्यापकका रूपमा काम गरेको उहाँको अनुभव छ । उहाँको मुख्य विशेषज्ञता हिस्टोप्याथोलोजी, साइटोप्याथोलोजी, हेमाटोलोजी र रक्त बैंकिङमा छ। बायोप्सी तथा शल्यक्रियाबाट प्राप्त नमुनाको परीक्षण, एफएनएसी, प्याप स्मियर, बोन म्यारो परीक्षण तथा रक्त बैंक व्यवस्थापनमा उहाँ अनुभवी हुनुहुन्छ । साथै चिकित्सा शिक्षा, विद्यार्थी मार्गदर्शन र प्रयोगशाला व्यवस्थापनमा समेत काम गर्नुभएको छ ।

डिनका रूपमा उहाँको जिम्मेवारी प्रतिष्ठानको चिकित्सा शिक्षा, शैक्षिक गुणस्तर, पाठ्यक्रम कार्यान्वयन तथा विद्यार्थी र शिक्षकसँग सम्बन्धित विषयमा केन्द्रित हुनेछ । प्याथोलोजी तथा प्रयोगशाला सेवाको अनुभवले प्रतिष्ठानमा निदानात्मक सेवाको गुणस्तर सुधारमा समेत भूमिका खेल्न सक्ने अपेक्षा गर्न सकिन्छ ।

## निर्देशकमा नेत्र रोग विशेषज्ञ डा.सुरेश बिके रसाइली



प्रतिष्ठानको निर्देशकको जिम्मेवारी पाउनु भएका डा.सुरेश बिके रसाइली नेत्र रोग विशेषज्ञ हुनुहुन्छ । उहाँले नेपालगञ्ज मेडिकल कलेजबाट एमबीबीएस तथा नेत्र विज्ञानमा एमडी गर्नुभएको छ । त्यसपछि उहाँले नेत्रको अर्बिट, ओकुलोप्लास्टी, ल्याक्रिमल तथा ओकुलर अन्कोलोजी क्षेत्रमा क्लिनिकल फेलोसिप गर्नुभएको छ ।

रसाइलीले स्वास्थ्य क्षेत्रमा चिकित्सकका रूपमा मात्रै नभई अस्पताल व्यवस्थापन, शिक्षण र अनुसन्धानमा समेत काम गर्नुभएको छ। उहाँले टीकापुर अस्पताल र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मेडिकल अधिकृतका रूपमा काम गरेपछि राप्ती आँखा अस्पतालमा मेडिकल सुपरिटेन्डेन्टको जिम्मेवारी सम्हाल्नुभएको थियो । सन् २०२४ देखि उहाँ राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमै सहप्राध्यापक तथा नेत्र विज्ञान विभाग प्रमुखका रूपमा कार्यरत हुनुहुन्छ । उपनिर्देशकको भूमिकामा उहाँले दैनिक प्रशासन, योजना कार्यान्वयन, प्रवक्ताको जिम्मेवारी तथा विभागीय विकासमा समेत काम गर्नुभएको छ ।

क्लिनिकलतर्फ फेकोइमल्सिफिकेसन, एसआईसीएस, ट्राबेक्युलेक्टोमी, प्टेरिजियम, ओकुलोप्लास्टिक सर्जरी तथा लेजर उपचारमा उहाँको अनुभव छ । उहाँले नेत्र चिकित्सासम्बन्धी अनुसन्धान तथा अन्तर्राष्ट्रिय सम्मेलनमा प्रस्तुति समेत दिनुभएको छ । उहाँका नाममा विभिन्न वैज्ञानिक प्रकाशन छन् भने १६ अन्तर्राष्ट्रिय जर्नलका पाण्डुलिपी समीक्षा गरेको विवरण पनि सीभीमा छ । यसअघि अस्पताल व्यवस्थापनको जिम्मेवारी सम्हालेको अनुभवी रसाइलीका लागि प्रतिष्ठानको निर्देशक पदमा अस्पताल सेवा, प्रशासन र संस्थागत व्यवस्थापनबीच समन्वय गर्नु प्रमुख कर्तव्य हुन आउँछ ।

# राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका ५० एमबीबीएस विद्यार्थी गढवाको समुदायमा



गढवा, १८ भदौ । समुदायमा रहेका स्वास्थ्य समस्या पहिचान गरी समयमै निदान तथा उपचारका लागि स्वास्थ्य संस्थासम्म पुऱ्याउने उद्देश्यले सञ्चालन गरिएको समुदायमा आधारित रोग निदान तथा स्वास्थ्य निरूपण कार्यक्रम हालै सम्पन्न भएको छ ।

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराही, दाङमा एमबिबिएस दोस्रो वर्षमा अध्ययनरत ५० जना विद्यार्थीले गढवा गाउँपालिकाका वडा नं. ४ र ५ का विभिन्न टोलमा पुगेर समुदायमा रहेका स्वास्थ्य समस्याको खोजपड्ताल गर्नुभएको थियो । विद्यार्थीहरूलाई १०/१० जनाको समूह बनाई विभिन्न टोल तथा घरपरिवारमा परिचालन गरिएको थियो । उहाँहरूले करिब ७ सय घरपरिवारमा पुगेर स्वास्थ्यसँग सम्बन्धित समस्या, रोग तथा जोखिम अवस्थाको खोजपड्ताल गर्नुभएको थियो । कार्यक्रमअन्तर्गत विद्यार्थीहरूले समुदायका नागरिकसँग प्रत्यक्ष भेटघाट गरी स्वास्थ्य अवस्थाबारे जानकारी लिने, सम्भावित रोग तथा स्वास्थ्य समस्याको पहिचान गर्ने र आवश्यक परामर्श दिने काम गर्नुभएको थियो ।



कार्यक्रमको सामुदायिक प्रस्तुति तथा समापन कार्यक्रममा राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका प्राध्यापक डा.आङ छिरिङ शेर्पाले समुदायमा पहिचान भएका स्वास्थ्य समस्यालाई सम्बन्धित स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थासम्म जानकारी गराई आवश्यक निदान तथा उपचारका लागि सहजीकरण गर्नु महत्वपूर्ण रहेको बताउनुभयो । उहाँले समुदायमा रहेका स्वास्थ्य समस्या पहिचान गरी समाधानका लागि समुदाय, स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीबीचको सहकार्य आवश्यक रहेको बताउनुभयो । "समुदायका समस्या समुदायमै पहिचान गर्ने र समाधानका लागि समुदायमै रहेका स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीलाई परिचालन गर्ने" अवधारणाले कार्यक्रमलाई थप प्रभावकारी बनाउने उहाँको भनाइ थियो ।

कार्यक्रमका क्रममा विद्यार्थीहरूले समुदायमा पुगेर प्रत्यक्ष रूपमा स्वास्थ्य समस्या अध्ययन गर्ने अवसर पाउनुका साथै स्थानीय नागरिकले पनि आफ्ना स्वास्थ्य समस्या तथा अवस्थाबारे जानकारी गराउने अवसर पाउनुभएको थियो । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले गढवा गाउँपालिकालाई अध्ययन तथा खोजपड्तालका लागि रोजेकोमा गढवा गाउँपालिका स्वास्थ्य शाखाले धन्यवाद व्यक्त गरेको छ । स्वास्थ्य शाखा प्रमुखले विद्यार्थीहरूलाई समुदायमै पठाएर स्वास्थ्य समस्याको खोजपड्ताल गर्ने प्रतिष्ठानको प्रयास सकारात्मक रहेको भन्दै आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिनुपर्नेमा जोड दिनुभयो । कार्यक्रमले समुदायमा लुकेर रहेका स्वास्थ्य समस्याको प्रारम्भिक पहिचानसँगै रोगको समयमै खोज, निदान, उपचार र स्वास्थ्य सचेतना अभिवृद्धिमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ ।

## बाढीमा ज्यान गुमाएकाहरूको सम्झनामा प्रतिष्ठानमा राष्ट्रिय झण्डा आधा झुकाइयो



दाङ । दाङको घोराहीस्थित राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढीका कारण ज्यान गुमाएकाहरूको सम्झनामा हालै राष्ट्रिय झण्डा आधा झुकाएर राष्ट्रिय शोक मनाइएको छ ।

२०८३ भदौ १० गते भोटेकोशी नदीमा आएको अकल्पनीय तथा भीषण बाढीबाट मृत्यु भएका व्यक्तिहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै प्रतिष्ठानका उपकुलपति प्रा.डा.अजयकुमार मिश्रले प्रतिष्ठान परिसरमा रहेको राष्ट्रिय झण्डा आधा झुकाउनुभएको हो । सो अवसरमा उपकुलपति मिश्र, अस्पताल निर्देशक सह-प्राध्यापक डा.सुरेश रसाइलीसहित प्रतिष्ठानका चिकित्सक, शिक्षक तथा कर्मचारीहरूले एक मिनेट मौनधारण गर्दै दिवंगतहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्नुभएको थियो । साथै बाढीमा घाइते भएकाहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरिएको थियो । कार्यक्रममा प्रतिष्ठानका चिकित्सक, शिक्षक तथा कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

## जेनजी सहिद दिवसमा राप्ती प्रतिष्ठानमा दीप प्रज्वलन




दाङ । जेनजी सहिद दिवसको अवसरमा राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा जेनजी आन्दोलनलगायत विभिन्न विपद्का क्रममा ज्यान गुमाएका व्यक्तिहरूको सम्झनामा हालै दीप प्रज्वलन गरिएको छ ।

प्रतिष्ठानको बेसिक साइन्स भवन परिसरमा मंगलबार साँझ आयोजित दीप प्रज्वलन कार्यक्रममा प्रतिष्ठानका उपकुलपति प्रा.डा.अजयकुमार मिश्र, अस्पताल निर्देशक सह-प्राध्यापक डा.सुरेश रसाइलीसहित चिकित्सक, स्वास्थ्यकर्मी, कर्मचारी तथा विद्यार्थीहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा उपकुलपति प्रा.डा.मिश्रले जेनजी आन्दोलन नयाँ पुस्ताको जागरण, परिवर्तनको चाहना र न्यायप्रतिको आवाज भएको बताउनुभयो । उहाँले आन्दोलनका क्रममा ज्यान गुमाएका युवाहरूको योगदान र बलिदानलाई राज्य तथा समाजले सदैव सम्मानका साथ स्मरण गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।



उहाँले जेनजी पुस्ताले उठाएका सवालहरूलाई सकारात्मक रूपमा ग्रहण गर्दै सुशासन, पारदर्शिता, जवाफदेहिता र सामाजिक न्यायको दिशामा अघि बढ्नुपर्नेमा जोड दिनुभयो । "नयाँ पुस्ताले परिवर्तनका लागि देखाएको साहस र चेतनालाई सम्मान गर्दै उहाँहरूले उठाएका जायज सवाललाई सम्बोधन गर्नुपर्छ । ज्यान गुमाएका युवाहरूको बलिदानलाई केवल सम्झनामा सीमित नराखी त्यसबाट सकारात्मक परिवर्तनको बाटो पहिल्याउनुपर्छ," उपकुलपति मिश्रले भन्नुभयो ।

उहाँले जेनजी आन्दोलनका क्रममा ज्यान गुमाएका सहिदहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनप्रति समवेदना प्रकट गर्नुभयो । साथै, उहाँले विभिन्न विपद्का क्रममा जीवन गुमाएका सम्पूर्ण व्यक्तिहरूको स्मरण गर्दै घाइते तथा प्रभावितहरूको शीघ्र स्वास्थ्यलाभ र पुन:स्थापनाको कामना गर्नुभयो । अस्पताल निर्देशक सह-प्राध्यापक डा.सुरेश रसाइलीले जेनजी सहिद दिवसको अवसरमा दिवंगत व्यक्तिहरूको सम्झना र सम्मानस्वरूप दीप प्रज्वलन कार्यक्रम आयोजना गरिएको बताउनुभयो । उहाँले नयाँ पुस्ताको योगदान र बलिदानलाई सम्मान गर्दै मानवीय संवेदना, सामाजिक एकता र जिम्मेवारी बोधलाई बलियो बनाउन यस्ता कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्ने उल्लेख गर्नुभयो ।

कार्यक्रममा सहभागी प्रतिष्ठानका चिकित्सक, स्वास्थ्यकर्मी, कर्मचारी तथा विद्यार्थीहरूले दीप प्रज्वलन गर्दै ज्यान गुमाएका व्यक्तिहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गरेका थिए । दीप प्रज्वलनका क्रममा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति समवेदना व्यक्त गरिएको थियो । प्रतिष्ठानमा आयोजना गरिएको दीप प्रज्वलन कार्यक्रमले जेनजी आन्दोलनका क्रममा ज्यान गुमाएका युवाहरूको स्मरणसँगै विपद्का कारण ज्यान गुमाएका नागरिकहरूप्रति सम्मान र संवेदना प्रकट गरेको थियो । सहभागीहरूले सहिद तथा दिवंगत व्यक्तिहरूको योगदान र बलिदानलाई स्मरण गर्दै समाजमा शान्ति, एकता, न्याय र सकारात्मक परिवर्तनका लागि प्रतिबद्ध भएर अघि बढ्ने सन्देश दिएका थिए ।



## राप्ती प्रतिष्ठानका नवनियुक्त रजिस्ट्रार र अस्पताल निर्देशकद्वारा कार्यभार ग्रहण

घोराही । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका नवनियुक्त रजिस्ट्रार प्रा.श्याम लम्सालले हालै आफ्नो पद तथा जिम्मेवारी अनुरूप कार्यभार सम्हाल्नुभएको छ । प्रतिष्ठानका उपकुलपति प्रा.डा.अजयकुमार मिश्रले नवनियुक्त रजिस्ट्रार प्रा.लम्साललाई स्वागत गर्नुभएको हो । स्वागतका क्रममा उपकुलपति मिश्रले रजिस्ट्रार लम्सालको कार्यकालमा प्रतिष्ठानको प्रशासनिक तथा संस्थागत व्यवस्थापन थप प्रभावकारी हुने विश्वास व्यक्त गर्नुभयो ।



यसैगरी, प्रतिष्ठानका नवनियुक्त अस्पताल निर्देशक सह-प्राध्यापक डा.सुरेश रसाइलीलाई पनि हालै उपकुलपति प्रा.डा.मिश्रले स्वागत गर्नुभएको छ । अस्पताल निर्देशक डा.रसाइलीले यसअघि नै आफ्नो पद तथा जिम्मेवारी अनुसार कार्यभार सम्हाल्दै सेवा प्रारम्भ गरिसक्नुभएको छ । नवनियुक्त रजिस्ट्रार तथा अस्पताल निर्देशकको कार्यभार ग्रहणसँगै प्रतिष्ठानको प्रशासनिक तथा अस्पताल व्यवस्थापनलाई थप प्रभावकारी र व्यवस्थित बनाउने अपेक्षा गरिएको छ ।

## राप्ती प्रतिष्ठानका नवनियुक्त डिन झालाई उपकुलपति मिश्रद्वारा स्वागत



दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका नवनियुक्त डिन प्रा.डा.कृष्णकुमार झालाई प्रतिष्ठानका उपकुलपति प्रा.डा.अजयकुमार मिश्रले हालै स्वागत गर्नुभएको छ । प्रतिष्ठानमा आयोजित स्वागत कार्यक्रममा उपकुलपति प्रा.डा.मिश्रले नवनियुक्त डिन झालाई स्वागत गर्दै उहाँको कार्यकाल सफल, प्रभावकारी र उपलब्धिमूलक रहोस् भन्ने शुभकामना व्यक्त गर्नुभएको हो ।

उपकुलपति मिश्रले प्रतिष्ठानको शैक्षिक तथा प्रशासनिक गतिविधिलाई थप प्रभावकारी बनाउन डिनको भूमिका महत्वपूर्ण हुने बताउँदै नवनियुक्त डिन झाको कार्यकालमा प्रतिष्ठानको शैक्षिक क्षेत्रमा थप प्रगति हुने विश्वास व्यक्त गर्नुभएको छ । नवनियुक्त डिन प्रा.डा.झाले प्रतिष्ठानको शैक्षिक उन्नयन र संस्थागत विकासका लागि आफ्नो जिम्मेवारी इमानदारीपूर्वक निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

### राप्ती र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानबीच सहकार्य सम्झौता

## जलवायु परिवर्तन र हिमाली जडीबुटी सम्बन्धित जनस्वास्थ्य अनुसन्धानमा सहकार्य हुने



दाङ । जुम्लास्थित कर्णाली स्वास्थ्य विज्ञान र दाङस्थित राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानबीच स्वास्थ्य शिक्षा, सेवा र अनुसन्धानको क्षेत्रमा सहकार्य गर्ने सम्झौता हालै भएको छ । दुवै प्रतिष्ठानहरू देशको दुर्गम र जटिल क्षेत्रमा स्थापना भएको सन्दर्भमा दुबैले एक आपसमा सहकार्य गरेर पिछडिएको क्षेत्रको स्वास्थ्य अवस्थालाई सुधार्दै विविध विषयमा संयुक्त रूपमा कार्य गर्ने सम्झौतामा उल्लेख छ ।

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति प्रा.डा.अजय कुमार मिश्रको तर्फबाट रजिष्ट्रार प्रा.श्याम लम्साल र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति प्रा.डा.सूर्यमान मेयान्बोले हालै सम्झौतामा हस्ताक्षर गर्नुभएको छ । सम्झौतामा दुवै संस्थाले जलवायु परिवर्तनले स्वास्थ्य क्षेत्रमा पारेको असर र त्यसका समाधानका उपायहरू तथा हिमाली जडिबुटीहरूको अध्ययन एवं देशभित्र उपलब्ध जडीबुटीबाट स्वदेशमै आधुनिक औषधी उत्पादन गर्न सकिने सम्भावना लगायतका महत्वपूर्ण क्षेत्रमा संयुक्त अनुसन्धान गर्ने उल्लेख छ । वर्तमान समयमा जलवायु परिवर्तन र हिमाली जडिबुटी सम्बन्धित स्वास्थ्य अनुसन्धान राष्ट्रिय र अन्तराष्ट्रिय रूपमा अत्यन्तै महत्वको विषय हो ।

दुवै संस्थाले दुर्गम क्षेत्रको स्वास्थ्य सम्बन्धी मुद्दाहरूमा संयुक्त अनुसन्धान सञ्चालन गरी स्वास्थ्य सेवा, स्वास्थ्य संरचना सुधार, जनशक्ति व्यवस्थापनमा निरन्तर सहकार्य गर्ने समेत सम्झौतामा उल्लेख छ । त्यसैगरी, दुवै संस्थाका प्राविधिक र प्रशासनिक जनशक्तिको एक अर्काको आवश्यकता अनुसार आदान प्रदान गरी सेवा प्रवाह, तालिम, शैक्षिक गतिविधि र अनुसन्धानका क्रियाकलापहरू सूचारू गर्न सहज बनाउने समेत प्रतिबद्धता उल्लेख गरिएको छ ।

सम्झौताले पिछडिएको क्षेत्रको स्वास्थ्य सेवालाई सुधार गर्ने नेपाल सरकारको नीति तथा कार्यक्रमलाई सफल पार्न एवं समान उद्देश्यका लागि उपलब्ध साधन श्रोतलाई एकीकृत गरी स्वास्थ्य सेवा, शिक्षा र अनुसन्धानसँग सम्बन्धित क्रियाकलापहरू सञ्चालन गर्न सहज हुने विश्वास दुवै प्रतिष्ठानका पदाधिकारीहरूले व्यक्त गर्नुभयो ।

# रोल्पाली सेवा समाजद्वारा प्रतिष्ठानका नव नियुक्त पदाधिकारीलाई स्वागत



दाङ । रोल्पाली सेवा समाज, रोल्पाले राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका नव नियुक्त पदाधिकारीलाई स्वागत तथा सम्मान गरेको छ । समाजले हालै स्वागतसहित पदाधिकारीसँग अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको हो । समाजका अध्यक्ष डिलाराम वलीको अध्यक्षतामा भएको कार्यक्रममा प्रतिष्ठानका नवनियुक्त उपकुलपति प्रा.डा.अजय कुमार मिश्रले आर्थिक अभावकै कारण कुनै पनि व्यक्ति उपचार सेवाबाट बञ्चित हुन नदिने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले यति सक्रिय र सेवाभावी सामाजिक संस्था आफूले पहिलोपटक अनुभव गरेको बताउँदै रोल्पालीहरू सचेत, जागरुक र मनकारी रहेको धारणा राख्नुभयो ।

'दातृ निकायबाट कुनै किसिमको रकम नलिई आफ्नै खल्तीबाट सहयोग गरेको पाएँ,' उपकुलपति मिश्रले भन्नुभयो, 'एक-दुई जना बिरामीका लागि तत्कालै केही गर्नुपर्ने अवस्था आएमा म आफ्नो तलबबाट भए पनि सहयोग गर्न चाहन्छु । यसमा म खुशी हुनेछु ।' उपकुलपति मिश्रको उक्त भनाइपछि कार्यक्रममा सहभागीहरू निकै प्रफुल्ल देखिन्थे । उहाँको मन्तव्यले वास्तविक समाजसेवा भनेकै आवश्यकतामा परेका नागरिकलाई तत्काल सहयोग गर्नु हो भन्ने भावलाई थप बल दिएको थियो । सो अवसरमा नवनियुक्त डिन प्रा.डा.कृष्णकुमार झा, रजिष्ट्रार प्रा.श्याम लम्साल र निर्देशक सह-प्रा.डा.सुरेश विक रसाइलीले प्रतिष्ठानको तर्फबाट सेवाका क्रममा कुनै पनि कमजोरी हुन नदिने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँहरूले रोल्पालाई प्रतिष्ठानले प्राथमिकताका साथ हेरेको उल्लेख गर्दै होलेरीबाट समेत सेवा शुभारम्भ गरिएको जानकारी गराउनुभयो ।

कार्यक्रममा समाजका अध्यक्ष वलीले प्रतिष्ठानमा उपचाररत आर्थिक अभाव भएका बिरामीलाई समाजले गरेको सहयोगको विवरण तस्बिरसहित प्रस्तुत गर्नुभएको थियो । स्लाइडमार्फत एक-एक घटनाको व्याख्या गर्दै उहाँले समाजले हालसम्म १९ जना बिरामीलाई कुल ९ लाख ४९ हजार ६ सय ६७ रुपैयाँ सहयोग गरेको जानकारी गराउनुभयो । समाजले आफ्नै स्रोतबाट उपलब्ध गराएको उक्त सहयोगबाट आर्थिक अभावमा रहेका बिरामीले प्रतिष्ठानमा उपचार सेवा पाउन सकेका छन् । रोल्पाली सेवा समाजका पदाधिकारी तथा सहभागीहरूले आफ्ना व्यक्तिगत तथा संस्थागत सवालहरू प्रतिष्ठानका पदाधिकारीसमक्ष राखेका थिए । प्रतिष्ठानका सबै प्रमुख पदाधिकारीलाई एकै ठाउँमा राखेर समाजले छलफल गरेको हो । समाजका महासचिव निशान वलीले समेत समाजका गतिविधि र संस्थाको योगदान बारे थप व्याख्या गर्नुभएको थियो ।

# सुत्केरी आमालाई नवजात शिशुको स्तनपान र स्याहारबारे प्रशिक्षण



दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराहीमा अध्ययनरत बीएनएस तथा बीएस्सी नर्सिङका विद्यार्थीहरूले सुत्केरी आमालाई नवजात शिशुको उचित स्याहार, सुरक्षित रूपमा समाउने तथा सही तरिकाले स्तनपान गराउने विधिबारे व्यवहारिक प्रशिक्षण हालै दिएका छन् ।

प्रशिक्षणका क्रममा विद्यार्थीहरूले नवजात शिशुलाई आमाको काखमा सही अवस्थामा राख्ने, शिशुको टाउको तथा शरीरलाई उचित ढंगले समात्ने र स्तनपान गराउँदा अपनाउनुपर्ने सावधानीका विषयमा जानकारी गराएका छन् । साथै, शिशुले आमाको स्तनबाट सहज रूपमा दुध पिउन सक्ने गरी सही आसन र स्तनपान गराउने तरिकाबारे समेत आमाहरूलाई अभ्याससहित सिकाइएको छ ।

नवजात शिशुको स्वास्थ्य तथा विकासका लागि आमाको दुध महत्वपूर्ण हुने भएकाले जन्मिएपछि सकेसम्म छिटो स्तनपान गराउने, शिशुलाई सही तरिकाले स्तनमा लगाउने र आवश्यक मात्रामा दुध खुवाउने विषयमा समेत विद्यार्थीहरूले आमाहरूलाई सचेत गराएका छन् ।

नर्सिङ शिक्षाको व्यवहारिक अभ्यासअन्तर्गत विद्यार्थीहरूले स्वास्थ्य संस्थामा रहेका सुत्केरी आमा तथा नवजात शिशुको प्रत्यक्ष हेरचाहसँगै स्वास्थ्यसम्बन्धी आवश्यक जानकारी र परामर्श प्रदान गर्दै आएका छन् । यसले विद्यार्थीहरूलाई सैद्धान्तिक ज्ञानलाई व्यवहारमा उतार्न सहयोग पुग्नुका साथै सुत्केरी आमाहरूलाई समेत नवजात शिशुको सुरक्षित स्याहार र स्तनपानसम्बन्धी व्यवहारिक ज्ञान प्राप्त गर्न मद्दत पुगेको छ ।

## राप्ती प्रतिष्ठानको शवगृहमा १२ वटा शव राख्न सकिने




दाङ । दाङको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले प्रतिष्ठानको शव गृहमा १२ वटा शव राख्ने सकिने जनाएको छ । सुरुमा ४ वटा मात्रै शव राख्न सकिने मात्रै रहेकोमा त्यसलाई विस्तार गरेर हाल एकैपटक १२ वटासम्म शव गृहमा शव राख्न सकिने बनाइएको प्रतिष्ठानका रजिस्ट्रार प्रा.श्याम लम्सालले जानकारी दिनुभयो ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले शव राख्न सकिने क्षमताको नयाँ शवगृह निर्माण तथा विस्तार गर्न परिपत्र गरेकाले सोही अनुसार योजना बनाउने उहाँले बताउनु भयो । बाढीपहिरो र भूकम्प जस्ता प्राकृतिक विपद्का बेला एकैपटक धेरै शव आउन सक्ने अवस्थालाई ध्यानमा राख्दै स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले क्षमता बढाउने निर्णय गरेर देशभरका स्वास्थ्य संस्थालाई परिपत्र गरेको हो । विपद्का समयमा शवको सुरक्षित संरक्षण, पहिचान, परीक्षण तथा आवश्यक कानुनी प्रक्रिया पूरा गर्न सहज हुने गरी मन्त्रालयले थप क्षमताको शवगृह निर्माण तथा विस्तारको प्रक्रिया अघि बढाइन पत्राचार गरेपछि प्रतिष्ठान योजना बनाउने तयारीमा जुटेको हो ।

## राप्ती प्रतिष्ठानमा विश्वकर्मा पूजा सम्पन्न



दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा विश्वकर्मा पूजाको अवसरमा हालै विशेष पूजा कार्यक्रम सम्पन्न भएको छ । प्रतिष्ठानको अस्पताल परिसरमा रहेको अक्सिजन प्लान्टमा विश्वकर्माको पूजा गरिएको हो । पूजामा प्रतिष्ठानका रजिस्ट्रार प्रा.श्याम लम्साल र अस्पताल निर्देशक सह-प्राध्यापक डा.सुरेश रसाइलीको सहभागिता रहेको थियो ।

विश्वकर्मा पूजाका अवसरमा प्रतिष्ठानमा रहेका विभिन्न मेसिनरी उपकरण, प्रविधि तथा संरचनाको पूजा-आराधना गर्दै सुरक्षित र प्रभावकारी सञ्चालनको कामना गरिएको थियो । कार्यक्रममा प्रतिष्ठानका शिक्षक, चिकित्सक, कर्मचारी तथा सम्बन्धित व्यक्तिहरूको सहभागिता रहेको थियो ।

## त्रिभुवननगर जेसीजद्वारा राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई करिब १२ लाखको एबीजी एनालाइजर हस्तान्तरण



दाङ । नेपाल जेसीजको ६२औं स्थापना दिवसको अवसर पारेर त्रिभुवननगर जेसीजले राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई करिब १२ लाख रुपैयाँ बराबरको अत्यावश्यक स्वास्थ्य उपकरण 'एबीजी एनालाइजर' (ABG Analyzer) हस्तान्तरण गरेको छ ।

हालै एक विशेष कार्यक्रमका बीच मेशिन हस्तान्तरण गरिएको हो । त्रिभुवननगर जेसीजका अध्यक्ष मिनराज भाटले प्रतिष्ठानका अस्पताल निर्देशक सह-प्राध्यापक डा.सुरेश रसाइलीलाई उक्त आधुनिक उपकरण हस्तान्तरण गर्नुभएको थियो ।

एबीजी एनालाइजरले बिरामीको रगतमा अक्सिजन, कार्बनडाइअक्साइड तथा अम्ल-क्षार (एसिड-बेस) सन्तुलनको अवस्था तत्काल परीक्षण गर्न गर्दछ । यस उपकरणबाट रगतको pH, अक्सिजनको मात्रा ($PaO_2$), कार्बनडाइअक्साइडको मात्रा ($PaCO_2$), बाइकार्बोनेट ($HCO_3^-$) लगायतका महत्वपूर्ण सूचकहरू परीक्षण गर्न सकिन्छ ।

विशेषगरी इमर्जेन्सी, आईसीयू तथा भेन्टिलेटरमा रहेका बिरामी, गम्भीर श्वासप्रश्वास समस्या भएका तथा मुटु-फोक्सोसम्बन्धी जटिल अवस्थाका बिरामीको उपचार र व्यवस्थापनमा एबीजी एनालाइजर महत्वपूर्ण मानिन्छ । बिरामीको शरीरमा अक्सिजनको अवस्था र एसिड-बेस सन्तुलनबारे तत्काल जानकारी प्राप्त हुने भएकाले चिकित्सकलाई उपचारको निर्णय लिनसमेत यसले सहयोग पुऱ्याउँछ ।

प्रतिष्ठानमा उक्त उपकरण उपलब्ध भएपछि गम्भीर प्रकृतिका बिरामीको तत्काल परीक्षण तथा उपचार व्यवस्थापनमा सहजता आउने अपेक्षा गरिएको छ । त्रिभुवननगर जेसीजले स्वास्थ्य सेवाको क्षेत्रमा सामाजिक उत्तरदायित्वअन्तर्गत उपकरण सहयोग गरेको जनाएको छ ।

# राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानसहित देशभरका विश्वविद्यालय तथा स्वास्थ्य विज्ञान संस्थाबीच ई-रिसोर्स साझेदारी सम्झौता



दाङ । उच्च शिक्षामा डिजिटल सिकाइ, अनुसन्धान तथा शैक्षिक स्रोतमा पहुँच बिस्तार गर्ने उद्देश्यले राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानसहित देशभरका विश्वविद्यालय तथा स्वास्थ्य विज्ञान संस्थाबीच शैक्षिक ई-रिसोर्स साझेदारीसम्बन्धी समझदारीपत्र (एमओयू) मा हालै हस्ताक्षर भएको छ । सम्झौता ३० भदौ २०८३ मा काठमाडौंमा भएको हो । त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय (TUCL) र विश्वविद्यालय अनुदान आयोग (UGC) को सहजीकरणमा सम्झौता गरिएको त्रिवि केन्द्रीय पुस्तकालयले जनाएको छ ।

सम्झौतामा त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा.भोला थापा र राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति प्रा.डा.अजयकुमार मिश्रले हस्ताक्षर गर्नुभएको छ । सम्झौताले प्रतिष्ठानका विद्यार्थी, प्राध्यापक तथा अनुसन्धानकर्तालाई विभिन्न डिजिटल शैक्षिक तथा अनुसन्धान सामग्रीमा सहज पहुँच उपलब्ध गराउने आधार तयार गरेको छ। सम्झौतामा त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, पोखरा विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय, लुम्बिनी बौद्ध विश्वविद्यालय, कृषि तथा वन विज्ञान विश्वविद्यालय, मध्यपश्चिम विश्वविद्यालय, सुदूरपश्चिम विश्वविद्यालय, नेपाल खुला विश्वविद्यालय, राजर्षी जनक विश्वविद्यालय, मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय, नेपाल विश्वविद्यालय, विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालय र शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय लगायत उच्च शिक्षा तथा स्वास्थ्य विज्ञान संस्थाहरू सहभागी छन् ।

उपकुलपति प्रा.डा.मिश्रले सम्झौताले राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा अध्ययन, अध्यापन र अनुसन्धानका लागि आवश्यक अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्तरका डिजिटल स्रोतमा पहुँच बिस्तार हुने बताउनुभयो । उहाँले डिजिटल प्रविधिको प्रयोगसँगै विद्यार्थी, शिक्षक तथा अनुसन्धानकर्तालाई गुणस्तरीय ज्ञान र अनुसन्धान सामग्री सहज रूपमा उपलब्ध गराउन यस्तो सहकार्य महत्वपूर्ण हुने उल्लेख गर्नुभयो ।

**सम्झौतामा के-के व्यवस्था छन् ?**

सम्झौताअनुसार सहभागी संस्थाहरूले जर्नल, ई-बुक, अनुसन्धान डेटाबेस, खुला शैक्षिक स्रोत, थेसिस तथा शोधपत्रलगायत शैक्षिक सामग्री साझेदारी गर्नेछन् । यसबाट विद्यार्थी, प्राध्यापक तथा अनुसन्धानकर्ताले आवश्यक शैक्षिक सामग्रीमा सहज र समतामूलक पहुँच प्राप्त गर्ने अपेक्षा गरिएको छ । त्यस्तै, डिजिटल पुस्तकालय प्रणाली, रिमोट एक्सेस, साझा डिजिटल भण्डार, क्लाउडमा आधारित संरक्षण तथा मेटाडेटा र अन्तरसञ्चालनशीलतालाई समेत प्राथमिकता दिइएको छ । यसले सम्बन्धित संस्थाका प्रयोगकर्तालाई संस्थागत पहुँचबाट बाहिर रहेर पनि स्वीकृत डिजिटल स्रोत प्रयोग गर्न सहज बनाउने उद्देश्य राखेको छ ।

सम्झौतामा लाभग्राही विश्वविद्यालय तथा संस्थाहरूले संस्थागत फोकल व्यक्ति तोक्ने, प्रयोगकर्तालाई ई-रिसोर्स प्रयोगसम्बन्धी जानकारी तथा पहुँच उपलब्ध गराउने र स्रोतको प्रभावकारी उपयोग गर्ने व्यवस्था उल्लेख छ । त्यसैगरी, विश्वविद्यालय अनुदान आयोगले वार्षिक ई-रिसोर्स अनुदान तथा प्राविधिक सहयोग उपलब्ध गराउने र त्रिभुवन

विश्वविद्यालय केन्द्रीय पुस्तकालयले प्राविधिक, तालिम तथा अनुसन्धान सहकार्यसम्बन्धी गतिविधिमा सहजीकरण गर्ने व्यवस्था गरिएको छ ।

सम्झौताको कार्यान्वयन तथा समन्वयका लागि ९ सदस्यीय राष्ट्रिय निर्देशक समिति गठन गरिने र समितिले वर्षमा कम्तीमा दुईपटक बैठक गर्ने व्यवस्था पनि सम्झौतामा समेटिएको छ । सम्झौताको अवधि १५ जुलाई २०३२ सम्म रहने उल्लेख गरिएको छ । यस सहकार्यबाट डिजिटल ज्ञानमा पहुँच विस्तार हुनुका साथै अनुसन्धान सहकार्य, खुला विज्ञान, शैक्षिक स्रोत साझेदारी र डिजिटल पुस्तकालय सेवालाई थप सुदृढ बनाउने अपेक्षा गरिएको छ ।

# राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको वार्षिकोत्सव अन्तर्गत खेलकुद सप्ताह सुरु



दाङ । संबिधान दिवस तथा राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको नवौँ वार्षिकोत्सवको अवसरमा खेलकुद सप्ताह शनिबारदेखि सुरु भएको छ । नेपाल पुलिस बोर्डिङ स्कुलमा आयोजित खेलकुद सप्ताहको हालै प्रतिष्ठानका रजिस्ट्रार प्रा. श्याम लम्सालले उद्घाटन गर्नुभयो ।

खेलकुद सप्ताहअन्तर्गत भलिबल, फुटबल, दौड, क्रिकेटलगायत विभिन्न विधाका १७ वटा खेल आयोजना गरिएको छ । खेलकुद सप्ताह असोज २२ गतेसम्म सञ्चालन हुने प्रतिष्ठानले जनाएको छ ।

उद्घाटन कार्यक्रममा बोल्दै रजिस्ट्रार प्रा.लम्सालले खेलकुदले शारीरिक स्वास्थ्यसँगै मानसिक स्फूर्ति, अनुशासन, आपसी सहकार्य र संस्थागत एकताको विकासमा महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । प्रतिष्ठानको वार्षिकोत्सवलाई केवल औपचारिक कार्यक्रमका रूपमा नभई शिक्षक, कर्मचारी, चिकित्सक, नर्स तथा विद्यार्थीबीचको सम्बन्ध थप सुदृढ गर्ने अवसरका रूपमा मनाउन लागिएको उहाँले बताउनुभयो ।



उहाँले प्रतिष्ठानको विकास र उन्नतिमा यहाँ कार्यरत सबैको सामूहिक भूमिका महत्वपूर्ण रहेको उल्लेख गर्दै वार्षिकोत्सवका अवसरमा आयोजना गरिने विभिन्न कार्यक्रमले संस्थागत एकता, सहकार्य र सकारात्मक ऊर्जा अभिवृद्धि गर्ने विश्वास व्यक्त गर्नुभयो ।

खेलकुद सप्ताहको उद्घाटन कार्यक्रममा प्रतिष्ठानका अस्पताल निर्देशक सह-प्रा. डा.सुरेश रसाइलीसहित शिक्षक तथा कर्मचारी, चिकित्सक, नर्स, एमबीबीएस तथा नर्सिङका विद्यार्थीहरूको सहभागिता रहेको थियो ।

# प्रतिष्ठानका शिक्षाध्यक्ष मण्डलद्वारा पदभार ग्रहण



दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका नवनियुक्त शिक्षाध्यक्ष प्रा.डा.रामनारायण मण्डलले हालै प्रतिष्ठानमा उपस्थित भई पदभार ग्रहण गर्नुभएको छ । पदभार ग्रहणसँगै प्रतिष्ठानका उपकुलपति प्रा.डा.अजयकुमार मिश्र, रजिस्ट्रार प्रा.श्याम लम्साल र अस्पताल निर्देशक सह-प्रा.डा.सुरेश रसाइलीले शिक्षाध्यक्ष मण्डललाई स्वागत तथा बधाई ज्ञापन गर्नुभएको हो । उहाँहरू तीनै जनाले शिक्षाध्यक्ष मण्डललाई खादा तथा पुष्पगुच्छाले स्वागत गर्दै सफल कार्यकालको शुभकामना दिनुभएको थियो ।

सो अवसरमा उपकुलपति प्रा.डा.मिश्रले शिक्षाध्यक्षको जिम्मेवारी महत्वपूर्ण रहेको उल्लेख गर्दै प्रतिष्ठानको शैक्षिक तथा प्राज्ञिक उन्नतिमा नवनियुक्त शिक्षाध्यक्षको भूमिका

महत्वपूर्ण हुने बताउनुभयो । उहाँले प्रतिष्ठानको शैक्षिक गतिविधिलाई थप व्यवस्थित र प्रभावकारी बनाउन सबै पक्षबीच सहकार्य र समन्वय आवश्यक रहेको बताउँदै नवनियुक्त शिक्षाध्यक्षलाई पूर्ण सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

रजिस्ट्रार प्रा.श्याम लम्सालले शिक्षाध्यक्ष मण्डलको आगमनले प्रतिष्ठानको शैक्षिक तथा प्रशासनिक गतिविधिलाई थप गतिशील बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्दै सफल कार्यकालका लागि शुभकामना दिनुभयो । उहाँले प्रतिष्ठानको उद्देश्य प्राप्तिका लागि पदाधिकारी, शिक्षक तथा कर्मचारीबीच सहकार्य आवश्यक रहेको बताउनुभयो । त्यसैगरी अस्पताल निर्देशक सह प्रा.डा.सुरेश रसाइलीले शिक्षाध्यक्ष मण्डललाई स्वागत गर्दै प्रतिष्ठानको शैक्षिक कार्यक्रमसँगै अस्पतालको सेवा र चिकित्सा शिक्षालाई थप प्रभावकारी बनाउन सहकार्य आवश्यक रहेको बताउनुभयो । उहाँले नवनियुक्त शिक्षाध्यक्षसँग सहकार्य गर्दै प्रतिष्ठानको समग्र विकासमा अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । स्वागतपछि शिक्षाध्यक्ष प्रा.डा.रामनारायण मण्डलले प्रतिष्ठानमा पदभार ग्रहण गर्दै आफ्नो जिम्मेवारीलाई इमानदारीपूर्वक निर्वाह गर्ने बताउनुभएको थियो । उहाँले प्रतिष्ठानको शैक्षिक गुणस्तर अभिवृद्धि, चिकित्सा शिक्षा तथा प्राज्ञिक गतिविधिको विकासका लागि सबैको सहकार्य आवश्यक रहेको उल्लेख गर्नुभयो ।

# राप्ती प्रतिष्ठानको नवौं वार्षिकोत्सवको अवसरमा बृहत् रक्तदान




दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको नवौं वार्षिकोत्सवको अवसरमा हालै आयोजित बृहत् रक्तदान कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा ४० जनाले रक्तदान गरेका छन् । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान परिसरमा आयोजित कार्यक्रम प्रतिष्ठानका उपकुलपति प्रा.डा.अजयकुमार मिश्रको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो । कार्यक्रममा प्रतिष्ठानका रजिस्ट्रार प्रा.श्याम लम्साल तथा अस्पताल निर्देशक सह-प्रा.डा.सुरेश रसाइलीको विशेष उपस्थिति रहेको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि उपकुलपति प्रा.डा.अजयकुमार मिश्रले रक्तदान जीवन बचाउने महत्वपूर्ण मानवीय सेवाका रूपमा रहेको बताउनुभयो । उहाँले एक व्यक्तिले दान गरेको रगतले आवश्यक परेको अर्को व्यक्तिको जीवन बचाउन महत्वपूर्ण भूमिका खेल्ने भन्दै रक्तदानलाई सामाजिक उत्तरदायित्वका रूपमा लिन आग्रह गर्नुभयो । प्रतिष्ठानको वार्षिकोत्सवलाई स्वास्थ्य सेवासँगै सामाजिक सेवासँग जोड्ने उद्देश्यले रक्तदान कार्यक्रम आयोजना गरिएको उहाँको भनाइ थियो ।

उपकुलपति मिश्रले प्रतिष्ठानले उपचार सेवाका अतिरिक्त समाजप्रतिको आफ्नो उत्तरदायित्वलाई समेत प्राथमिकतामा राख्दै यस्ता मानवीय सेवामूलक कार्यक्रमलाई निरन्तरता दिने बताउनुभयो । एनेस्थेसिया तथा क्रिटिकल केयर विभागका प्रमुख, असिष्टेण्ट प्रोफेसर डा.राजन शाक्यको संयोजनमा कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी घोराहीको प्राविधिक सहयोग रहेको थियो । 'तपाईंको एक थोपा रगत, कसैको जीवनमा नयाँ आशा' भन्ने सन्देशसहित आयोजित कार्यक्रममा प्रतिष्ठानका चिकित्सक, स्वास्थ्यकर्मी, कर्मचारी, विद्यार्थी तथा उपचारका लागि अस्पताल आएका बिरामी र उनका आफन्तले रक्तदान गरेका थिए । कार्यक्रमले अस्पतालमा उपचाररत बिरामीका लागि आवश्यक रगतको व्यवस्थापनमा सहयोग पुग्नुका साथै रक्तदानप्रति जनचेतना अभिवृद्धि गर्ने अपेक्षा गरिएको छ ।



# राप्ती प्रतिष्ठानको नवौं वार्षिकोत्सवमा वृक्षारोपण कार्यक्रम




दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको नवौं वार्षिकोत्सवको अवसरमा हालै वृक्षारोपण कार्यक्रम गरिएको छ । वातावरण संरक्षण तथा हरियाली प्रवर्द्धन गर्ने उद्देश्यले प्रतिष्ठानले वृक्षारोपण कार्यक्रम आयोजना गरेको हो । प्रतिष्ठानका उपकुलपति प्रा.डा.अजयकुमार मिश्रले बिरुवा रोपेर कार्यक्रमको शुभारम्भ गर्नुभयो । घोराही उपमहानगरपालिका-१७ स्थित गोरक्ष सामुदायिक वन उपभोक्ता समूहको परिसरमा विभिन्न जातका डेढ सयभन्दा बढी बिरुवा रोपिएको हो ।

वृक्षारोपण कार्यक्रममा प्रतिष्ठानका रेक्टर प्रा.डा.रामनारायण मण्डल, रजिस्ट्रार प्रा.श्याम लम्साल, डिन प्रा.डा.कृष्णकुमार झा तथा अस्पताल निर्देशक सहप्राध्यापक डा.सुरेश रसाइलीको विशेष उपस्थिति रहेको थियो । कार्यक्रममा प्रतिष्ठानमा कार्यरत शिक्षक, कर्मचारी, चिकित्सक, नर्स तथा विद्यार्थीका साथै स्थानीय टोलबासी र सामुदायिक वन उपभोक्ता समूहका सदस्यहरूको सहभागिता रहेको थियो । सहभागीहरूले वृक्षारोपण गर्दै वातावरण संरक्षणमा सामूहिक प्रतिबद्धता जनाएका थिए ।

सो अवसरमा उपकुलपति प्रा.डा.मिश्रले वृक्षारोपण केवल बिरुवा रोप्ने कार्यक्रम मात्र नभई वातावरण संरक्षण र भावी पुस्ताप्रतिको जिम्मेवारीसमेत भएको बताउनुभयो । उहाँले रोपिएका बिरुवाको संरक्षण र हुर्काउन सबैको साझा दायित्व रहेको उल्लेख गर्दै प्रतिष्ठानको वार्षिकोत्सवलाई सामाजिक तथा वातावरणीय उत्तरदायित्वसँग जोडेर मनाइएको बताउनुभयो । वृक्षारोपण कार्यक्रमको संयोजन न्युरोसर्जन डा.उपमा शर्माले गर्नुभएको थियो ।

# विश्व फार्मासिस्ट दिवसमा दाङमा साताव्यापी कार्यक्रम सुरु

## पहिलो दिन रक्तदान, सात दिनसम्म विभिन्न सिर्जनशील कार्यक्रम गरिने



दाङ, ९ असोज । विश्व फार्मासिस्ट दिवस-२०२६ को अवसरमा नेपाल फार्मेसी संघ दाङ शाखाले साताव्यापी कार्यक्रम सुरु गरेको छ । फार्मेसी क्षेत्रको योगदान, औषधीको सुरक्षित प्रयोग तथा स्वास्थ्य सेवामा फार्मासिस्टको भूमिकाबारे जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले विभिन्न कार्यक्रम आयोजना गरिएको हो ।

नेपाल फार्मेसी संघ दाङ शाखाका अध्यक्ष श्यामकुमार गिरीको अध्यक्षतामा आयोजित उद्घाटन कार्यक्रममा राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति प्रा.डा.अजयकुमार मिश्र प्रमुख अतिथि रहनुभएको थियो । कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय सचिव एवं घोराही बनाऔं अभियानका संयोजक सबिन प्रियासन तथा नेपाल फार्मेसी संघ लुम्बिनी प्रदेशका उपाध्यक्ष सुलभ अधिकारी विशिष्ट अतिथिका रूपमा सहभागी हुनुहुन्थ्यो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि प्रा.डा.अजयकुमार मिश्रले स्वास्थ्य सेवामा औषधीको सुरक्षित, प्रभावकारी र तर्कसंगत प्रयोग सुनिश्चित गर्न फार्मासिस्टको भूमिका महत्वपूर्ण रहेको बताउनुभयो । उहाँले औषधीसम्बन्धी सही सूचना र परामर्श प्रदान गर्दै बिरामीको उपचारलाई थप प्रभावकारी बनाउन फार्मासिस्ट र अन्य स्वास्थ्यकर्मीबीचको सहकार्य आवश्यक रहेको उल्लेख गर्नुभयो ।

विशिष्ट अतिथि सबिन प्रियासनले फार्मेसी क्षेत्र औषधी वितरणमा मात्र सीमित नभई नागरिकको स्वास्थ्य सुरक्षासँग प्रत्यक्ष जोडिएको क्षेत्र भएको बताउनुभयो । उहाँले फार्मासिस्टहरूले आफ्नो व्यावसायिक दक्षतासँगै सामाजिक उत्तरदायित्वलाई पनि प्राथमिकतामा राख्नुपर्ने धारणा व्यक्त गर्नुभयो । स्वास्थ्य क्षेत्रमा जनचेतना फैलाउन तथा नागरिकलाई औषधीको सही प्रयोगबारे जानकारी दिन यस्ता कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्ने उहाँको भनाई थियो ।

त्यस्तै, विशिष्ट अतिथि सुलभ अधिकारीले फार्मासिस्टको पेशागत मर्यादा, क्षमता विकास र स्वास्थ्य सेवामा उनीहरूको भूमिकालाई थप प्रभावकारी बनाउन निरन्तर कार्यक्रम आवश्यक रहेको बताउनुभयो । कार्यक्रममा संघका

सदस्य संगीता खरेलले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने महासचिव दिलकीरण परियारले सहजीकरण गर्नुभएको थियो ।

साताव्यापी कार्यक्रमको पहिलो दिन रक्तदान कार्यक्रमसमेत आयोजना गरिएको थियो । संघका अनुसार सप्ताहभरि रक्तदानसँगै विभिन्न सिर्जनशील, जनचेतनामूलक तथा सामाजिक कार्यक्रम आयोजना गरी विश्व फार्मासिस्ट दिवस मनाइनेछ । कार्यक्रममार्फत फार्मासिस्टको योगदानलाई समाजसम्म पुऱ्याउनुका साथै स्वास्थ्य सेवामा औषधीको सुरक्षित प्रयोगबारे नागरिकलाई सचेत गराउने लक्ष्य राखिएको संघले जनाएको छ ।

## ब्रह्माकुमारीज मधुवनमा शिक्षा, स्वास्थ्य, विज्ञान र अध्यात्मबारे स्नेह मिलन



दाङ । शिक्षा, स्वास्थ्य, विज्ञान, अध्यात्म तथा मन र शरीरबीचको सम्बन्धका विषयमा घोराहीस्थित ब्रह्माकुमारीज मधुवन आध्यात्मिक पुनर्जागरण केन्द्रमा विशेष कार्यक्रम हालै सम्पन्न भएको छ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान दाङका उपकुलपति प्रा.डा.अजय कुमार मिश्र तथा नवनियुक्त विशिष्ट पदाधिकारीहरूको स्वागतसहित बधाई एवं स्नेह मिलनका लागि आयोजित कार्यक्रममा शिक्षा, स्वास्थ्य, विज्ञान र अध्यात्मका विविध पक्षमा चर्चा गरिएको थियो ।

कार्यक्रममा प्रतिष्ठानका उपकुलपति प्रा.डा.मिश्रसहित कुलसचिव प्रा.श्याम लम्साल, डिन प्रा.डा.कृष्णकुमार झा, अस्पताल निर्देशक सह-प्रा.डा.सुरेश कुमार रसाइली तथा कार्यकारी परिषद् सदस्य प्रा.डा.के.के. राई लगायतको सहभागिता रहेको थियो । कार्यक्रममा ब्रह्माकुमारी मधुवनकी राजयोगिनी गीता दिदीले शिक्षा, स्वास्थ्य र विज्ञानसँगै मानिसको मानसिक शान्ति, सकारात्मक सोच, आत्मअनुशासन तथा आध्यात्मिक चेतनाको महत्वबारे धारणा राख्नुभएको थियो ।

उहाँले स्वस्थ शरीरसँगै स्वस्थ मन आवश्यक रहेको उल्लेख गर्दै मानिसको जीवनशैली, विचार र व्यवहारले स्वास्थ्य तथा समग्र व्यक्तित्वमा पार्ने प्रभावका विषयमा समेत चर्चा गर्नुभएको थियो । कार्यक्रममा राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका नवनियुक्त पदाधिकारीहरूलाई स्वागत तथा बधाई ज्ञापन गर्दै प्रतिष्ठान र आध्यात्मिक पुनर्जागरण केन्द्रबीच शिक्षा, स्वास्थ्य तथा सामाजिक चेतनाका क्षेत्रमा सहकार्य र अनुभव आदानप्रदानको सम्भावनाबारे समेत छलफल गरिएको थियो ।

## भदौ महिनामा स्वास्थ्य बिमाबाट ६ हजार ८ सय बढीले सेवा पाए

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा चालु आर्थिक वर्षको भदौ महिनामा स्वास्थ्य बिमा सेवाबाट ६ हजार ८ सय ५० जना बिरामीले सेवा पाएका छन् । यो संख्या इमरजेन्सी र ओपीडीबाट सेवा लिएका बिरामीको हो । प्रतिष्ठानले दिएको जानकारी अनुसार असारमा विभिन्न विभागहरुबाट ६ हजार २ सय ५३ जना बिरामीले ओपीडी र ५ सय ९७ जना बिरामीले इमरजेन्सी सेवा प्राप्त गरेका छन् । जसअनुसार मुट रोग सेवा १ सय जनाले, दन्त रोग सेवा १ सय ३५ जनाले, छाला रोग सेवा १ सय ४७ जनाले, नाक, कान, घाँटी रोग सेवा २ सय ७१ जना, एमडिजिपी सेवा ४ सय ५८ जनाले, जेनरल सर्जरी सेवा ३ सय ९४ जनाले प्राप्त गरेका छन् ।

त्यस्तै मेडिसिनतर्फ २ हजार ६ सय ६८ जनाले, न्युरो सर्जरी सेवा १ सय ७ जनाले, प्रसुती रोग सेवा ४ सय १८ जनाले, आँखा रोग उपचार सेवा २ सय ८२ जनाले, अर्थोपेडिक सेवा ५ सय ५८ जनाले, बाल रोग उपचार सेवा २ सय ९३ जनाले, मानसिक रोग उपचार सेवा १ सय ३५ जना र युरोलोजी सेवा २ सय ८२ जनाले एक महिनाको अवधिमा पाएका छन् ।

## भदौ महिनामा २० हजार बढीले स्वास्थ्य उपचार सेवा पाए

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा चालु आर्थिक वर्षको भदौ महिनामा २० हजार बढी बिरामीले सेवा पाएका छन् । यो संख्या भदौ १ गतेदेखि ३१ सम्मको हो । प्रतिष्ठानले दिएको जानकारी अनुसार असारमा विभिन्न विभागहरुबाट १७ हजार ६ सय ४५ जना बिरामीले ओपीडी र २ हजार ६ सय ११ जना बिरामीले इमरजेन्सी सेवा प्राप्त गरेका छन् । जसअनुसार मुट रोग सेवा २ सय २६ जनाले, दन्त रोग सेवा ४ सय जनाले, छाला रोग सेवा ७ सय ८६ जनाले, नाक, कान, घाँटी रोग सेवा ८ सय ९५ जना, एमडिजिपी सेवा १ हजार ३ सय ८७ जनाले, जेनरल सर्जरी सेवा १ हजार ७० जनाले, आइसोलेसन वार्डबाट ३ जनाले प्राप्त गरेका छन् ।

त्यस्तै मेडिसिनतर्फ ३ हजार ७ सय ६२ जनाले, न्युरो सर्जरी सेवा ३ सय ८२ जनाले, प्रसुती रोग सेवा २ हजार ८ सय ८१ जनाले, ओसीएमसीतर्फ १९ जना, ओटी वार्डबाट ४ जना, आँखा रोग उपचार सेवा १ हजार १ सय ७८

जनाले, अर्थोपेडिक सेवा १ हजार ८ सय ३९ जनाले, बाल रोग उपचार सेवा १ हजार ३ सय ४० जनाले, फिजियोथेरापीबाट ६ जनाले, मानसिक रोग उपचार सेवा ५ सय ८० जना र युरोलोजी सेवा ६ सय २९ जनाले एक महिनाको अवधिमा पाएका छन् ।

## आईसीयूमा २६ दिनदेखि बेवारिसे बिरामीको उपचार, परिवारजन सम्पर्क विहीन





दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको आईसीयूमा २६ दिनदेखि एक जना बिरामी बेवारिसे अवस्थामा उपचाररत हुनुहुन्छ । कोहलपुर घर भएको ४१ वर्षीय प्रकाश चौधरीलाई परिवारजन तथा आफन्तको सम्पर्कबिनै प्रतिष्ठानले निरन्तर उपचार सेवा दिइरहेको छ । चौधरी विगत २६ दिनदेखि आईसीयूमा उपचाररत रहेको प्रतिष्ठानका अस्पताल निर्देशक सह-प्राध्यापक डा.सुरेश रसाइलीले जानकारी दिनुभयो । उहाँका अनुसार चौधरीको उपचारका क्रममा हालसम्म अस्पतालतर्फ बेड चार्जसहित इन्भेष्टिगेसनमा ५१ हजार ७ सय ५० रुपैयाँ र औषधितर्फ १ लाख ५५ हजार २ सय ४६ रुपैयाँ खर्च भएको छ । यसरी चौधरीको उपचारमा हालसम्म कुल २ लाख ६ हजार ९ सय ९६ रुपैयाँ खर्च भइसकेको छ ।

लामो समयदेखि आईसीयूमा उपचाररत चौधरीका परिवारजन तथा आफन्त हालसम्म अस्पतालको सम्पर्कमा नआएको डा.रसाइलीले बताउनुभयो । परिवारजनको उपस्थिति नभए पनि अस्पतालले मानवीय दायित्वअन्तर्गत चौधरीको उपचारलाई निरन्तरता दिइरहेको उहाँले जानकारी दिनुभयो । त्यस्तै, लमहीका ३१ वर्षीय सन्तोष क्षेत्री पनि विगत ६ दिनदेखि प्रतिष्ठानको इमरजेन्सीमा बेवारिसे अवस्थामा उपचाररत हुनुहुन्छ । क्षेत्रीको उपचारमा अस्पतालतर्फ इन्भेष्टिगेसनमा १ हजार २ सय रुपैयाँ र फार्मेसीतर्फ करिब ६५ हजार रुपैयाँ खर्च भएको छ । बेड चार्जसमेत जोड्दा उहाँको उपचारमा हालसम्म करिब ७० हजार रुपैयाँ खर्च भएको डा.रसाइलीले जानकारी दिनुभयो ।

क्षेत्रीका परिवारजन तथा आफन्त पनि हालसम्म अस्पतालको सम्पर्कमा नआएको प्रतिष्ठानले जनाएको छ । दुवै बिरामीको उपचार तथा हेरचाह अस्पतालले आफ्नै तर्फबाट आवश्यक व्यवस्थापन गर्दै आएको छ । अस्पताल निर्देशक डा.रसाइलीले दुवै बिरामीका परिवारजन, आफन्त वा उनीहरूलाई चिन्ने व्यक्तिलाई प्रतिष्ठानसँग सम्पर्क गर्न आग्रह गर्नुभएको छ । लामो समयदेखि परिवारको सम्पर्कबाहिर रहेका बिरामीको उपचारमा निरन्तर खर्च भइरहेको र उपचार तथा व्यवस्थापनका लागि परिवारजनको समन्वय आवश्यक रहेको उहाँले बताउनुभयो । दुवै बिरामीका परिवारजन वा आफन्तबारे जानकारी हुने व्यक्तिले प्रतिष्ठानसँग सम्पर्क गरी उहाँहरूको परिवारसम्म सूचना पुऱ्याउन सहयोग गरिदिनसमेत आग्रह गरिएको छ ।

## राप्ती प्रतिष्ठानमा एक महिनामै ५ सय ४४ बिरामीको सफल शल्यक्रिया



दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा एक महिनाको अवधिमा साना तथा ठूला गरी ५ सय ४४ जना बिरामीको सफल शल्यक्रिया गरिएको छ । प्रतिष्ठानमा उपलब्ध अत्याधुनिक उपकरण तथा विशेषज्ञ चिकित्सकको सेवामार्फत भदौ महिनामा ५ सय ४४ जना बिरामीको विभिन्न प्रकारका शल्यक्रिया सफलतापूर्वक गरिएको प्रतिष्ठानका अस्पताल निर्देशक सह-प्राध्यापक डा.सुरेश रसाइलीले जानकारी दिनुभयो ।

उहाँका अनुसार स्त्रीरोग, अर्थोपेडिक, सर्जरी, ईएनटी, युरोलोजी, न्युरो तथा आँखालगायतका विभागबाट बिरामीको शल्यक्रिया गरिएको हो । जसअनुसार प्रसुतीतर्फ २ सय १ जना, हाडजोर्नीतर्फ ८४, सर्जरीतर्फ १ सय २ जना, नाक कान घाँटी रोगतर्फ २७ जना, युरोलोजीतर्फ ९२ जना, आँखातर्फ २० जना र न्यूरोतर्फ १८ जना गरी जम्मा ५ सय ४४ जना बिरामीको सफल शल्यक्रिया भएको थियो ।


**संरक्षक**
प्रा.श्याम लम्साल
रजिष्ट्रार
**प्रधानसम्पादक**
प्रा.डा.विकास गौचन
**व्यवस्थापक**
निशान दाजु भट्टराई
सम्पर्क : फोन नं: ९८०१३४८८४५
ई-मेल:
*itdepartment@rahs.edu.np*
*registrar@rahs.edu.np*
*sarayu@rahs.edu.np*